# <u>सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०८०</u>

**<u>प्रस्तावनाः</u>** सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७९ को दफा २०७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० को नियम ९ मा संशोधनः</u>** सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८० (यसपछि "मूल नियम" भनिएको) को नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

"९. <u>तीन पाङग्रे सवारी सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले कानुन बनाई तीन पाङ्ग्रे सवारी साधन दर्ता, नवीकरण, मार्ग इजाजतपत्र, प्रतिलिपि जारी गर्ने, पुनः दर्ता, लगतकट्टा, सरुवा सहमति प्रदान गर्ने सम्बन्धी कार्य गर्नेछ।

तर कानुन बनाई नसकेका स्थानीय तहको हकमा संवत् २०८१ साल असार मसान्तसम्म तीन पाङ्ग्रे सवारी साधन दर्ता, नवीकरण, मार्ग इजाजतपत्र, प्रतिलिपि जारी गर्ने, पुनः दर्ता, लगतकट्टा, सरुवा सहमति प्रदान गर्ने सम्बन्धी कार्य कार्यालयले गर्नेछ। यसरी तीन पाङ्ग्रे नयाँ सवारी साधन दर्ता र सरुवा सहमति लिने सम्बन्धी कार्य गर्दा प्रदेशभित्र सञ्चालन हुने तीन पाङ्ग्रे सवारीको हकमा सम्बन्धित स्थानीय तहको सहमति लिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्य गर्न लाग्ने कर, दस्तुर सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ। यसरी स्थानीय तहले निर्धारण नगरेसम्म यो नियम प्रारम्भ हुनु अघि लिँदै आएको कर, दस्तुर लिई तीन पाङ्ग्रे सवारी साधन दर्ता, नवीकरण, मार्ग इजाजतपत्र, प्रतिलिपि जारी गर्ने, पुनः दर्ता, लगतकट्टा, सरुवा सहमति प्रदान गर्ने सम्बन्धी कार्य कार्यालयले गर्न सक्नेछ।

(३) यो नियमावली प्रारम्भ हुनुअघि यातायात व्यवस्था कार्यालयमा दर्ता भएका तीन पाङग्रे सवारी पहाडी र हिमाली भूगोल बाहेकका स्थानीय तहमा स्थानान्तरण गर्न सवारी धनीले अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ। यसरी निवेदन परेमा सवारी धनी वा व्यवस्थापकबाट तिर्नु पर्ने बाँकी कर, दस्तुर, शुल्क, जरिवाना बापतको रकम असुल गरी कार्यालयले अनुसूची-१२ बमोजिमको ढाँचामा स्थानान्तरण पत्र दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम संवत् २०८१ असार मसान्तपछि नामसारी, नवीकरण, स्थानान्तरण, लगत कट्टा, ब्लुबुकको प्रतिलिपि उपलब्ध गराउने बाहेक तीन पाङ्ग्रे सवारी सम्बन्धी अन्य कार्य कार्यालयबाट गरिने छैन।"

३. <u>मूल नियमको अनुसूचीमा संशोधनः</u> मूल नियमको अनुसूची -११ र अनुसूची -१२ को सट्टा देहायको अनुसूची -११ र अनुसूची -१२ राखिएको छ।

**"अनुसूची -११**

(नियम ९ को उपनियम (३) सँग सम्बन्धित)

<u>तीन पाङ्ग्रे सवारी साधन दर्ताका लागि दिने निवेदन</u>

श्रीमान कार्यालय प्रमुखज्यू,
यातायात व्यवस्था कार्यालय
.........................................।

मेरो/हाम्रो नाममा यस कार्यालयमा दर्ता कायम रहेको ...........नम्बरको भाडा/निजी तीन पाङ्ग्रे सवारी ................जिल्लाको .................... गाउँपालिका/नगरपालिका/उपमहानगरपालिकामा स्थानानतरण दर्ता गर्नका लागि सिफारिससहित निवेदन दिएको/छु/छौं।

१. दर्ता नं. र मितिः-
२. सवारीको किसिमः-
३. बनाउने कम्पनीः-
४. मोडेल/उत्पादन वर्षः-
५. इन्जिन/ब्याट्री पावरः-
६. सवारीको मोटर/इन्जिन नं.-
७. सवारीको चेसिस नं.-
८. सवारीको रङः-
९. सिट सङ्ख्या/वजन क्षमताः-
१०. स्थानान्तरण गर्न चाहेको स्थानीय तहको नामः-
११. सवारी सम्बन्धी अन्य आवश्यक विवरणः-

निवेदकको,-
हस्ताक्षरः
नाम थरः
ठेगानाः
मितिः
सम्पर्क नं.

## अनुसूची -१२
(नियम ९ को उपनियम (३) सँग सम्बन्धित)

**तीन पाङ्ग्रे सवारी साधन स्थानान्तरण**

सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था कार्यालय, .............

चलानी नं. ......                                                  मितिः ..............................

यातायात व्यवस्था कार्यालय

विषयः दर्ता स्थानान्तरणका लागि पठाइएको।

यस कार्यालयमा दर्ता रहेको...........नं. को तपसिलको विवरण भएको भाडा/निजी अटो रिक्सा/इ-रिक्सा दर्ता स्थानान्तरणका लागि पठाइएको छ। नियमानुसार दर्ता गरी सोको जानकारी यस कार्यालयलाई गराइदिनुहुन अनुरोध छ।

१. दर्ता नं. र मितिः-
२. सवारीको किसिमः-
३. बनाउने कम्पनीः-
४. मोडेल/उत्पादन वर्षः-
५. इन्जिन/ब्याट्री पावरः-
६. सवारीको मोटर/इन्जिन नं.-
७. सवारीको चेसिस/फ्रेम नं.-
८. सवारीको रङः-
९. सिट सङ्ख्या/वजन क्षमताः-
१०. भन्सार विवरणः
११. सवारी सम्बन्धी अन्य आवश्यक विवरणः
    (क) भन्सार कार्यालयको नामः  स्थानान्तरण गर्न चाहेको स्थानीय तहको नामः-
    (ख) भन्सार प्रज्ञापनपत्र नं.
    (ग) रसिद नं.
    (घ) मितिः
    (ङ) सवारीधनीको,-
        (अ) नाम थरः
        (आ) ठेगानाः
        (इ) नागरिकता प्रमाणपत्र नं./जारी मितिः
        (ई) अन्यः

.....................                                    ....................................
फाँटवालाको सही                                   स्थानान्तरणपत्र दिने अधिकारीको सही”